# पनौतीको संक्षिप्त ऐतिहासिक पृष्ठभुमि

—साफल्य अमात्य

पदम गिरीको वंशावली अनुसार पनौती शहरको जन्मदाताको श्रेय चौधौं शताब्दीका मल्ल राजा आनन्द मल्ल (१२७४–१३१० ई.) ले पाएको छ । उक्त वंशावलीमा राजा आनन्द मल्लले आफ्नो राज्यकालमा सातवटा गाउँहरू क्रमशः वणिकपुर वा वनेपुर वा बनेपा, पुण्यवती वा पानवती वा पनौती, नाला, धौखेल वा धुलीखेल, श्रीखण्डपुर वा खडपुर वा खर्पु, चौकोट र सांगा वनाई बस्ती वसाले भन्ने उल्लेख छ (१) । तर यो कथनलाई सत्य मान्न अलि गाह्रो छ किन भने पनौती आसपास रहेका गाउँहरू जस्तै खोपासी, वनेपा आदिमा लिच्छवीकालिन शिलालेखहरू प्राप्त भएबाट यो प्रमाणित भै सकेको छ कि ती गाउँहरू लिच्छवीकाल देखिनै वसोवास तथा गुल्जार थिए (२) ।

लिच्छवीहरूको पतन र मल्लहरूको अभ्युदय नभए सम्म नेपाल उपत्यकाको इतिहासमा अनेकौ उथल पुथल-हरू भए । यस्तै उथल पुथलको समयमा ठाउँ ठाउँका सामन्तहरूले केन्द्रलाई परवाह नराखी सोझै राज्य गरेको देखिन्छ । जव जव केन्द्रमा राजाहरू शक्तिवान हुन्थे यी सामन्तहरू दबी वस्थे र जव केन्द्रमा शासकहरू कमजोर हुन्थे यी सामन्तहरूले तिनीहरूको अवहेलना गर्ने गर्थे । पनौतीका राम वर्द्धन परिवार पनि यस्तै सामन्त परिवारहरू मध्ये एक थिए । चौथो तथा पन्ध्रौं शताब्दि-मा राम वर्द्धन परिवारले पनौती वरपर मात्र हैन सम्पूर्ण नेपाल–उपत्यकाको शासन व्यवस्थामा समेत ठूलो भूमिका खेलेको थियो । पनौती क्षेत्रको सामन्त भै स्वतन्त्रता पूर्वक शासन व्यवस्था चलाई रहेका राम वर्द्धन परिवार मा महाथ अनेक राम, महाथ ज्योतीराम, महाथ जय सिंह राम, मदनराम र शक्ति सिंहरामको स्थान नेपाल उपत्यकाको इतिहासमा विशेष उल्लेखनीय छ । महाथ अनेकराम (१३३२–१३५६ इ.) का दुई छोरा-हरू थिए– जय सिंह राम (१३६०–१३९६ ई.) र मदन राम (१३८२–१३९४ ई.) । जयसिंह राम निःसन्तान भएकोले उनको शेष पछि उनका भतिजा शक्ति सिंह राम (१४०५–१४२७ ई.) महाथ भए (३) ।

पन्ध्रौं शताब्दिको शुरू वि. सं. १४११ मा कर्नाटक वंशीय (४) स्थिति मल्लको विवाह रूद्रमल्लको नातीनी राजल्लदेवी संग भयो । यस विवाहले नेपाल उपत्यकाको इतिहासलाई नै बेग्लै मोड दियो (५) । शुरू शुरूमा विरोधी भएता पनि स्थिति मल्लको उदय पछि पनौतीका सामन्त शासक जयसिंह राम पनि उनको अधिनमा दबी वसेका थिए । तैपनि राम वर्द्धन परिवारको नेपाल उपत्यका भित्रको प्रभावलाई कदर गर्दै स्थिति मल्लले जय सिंह राम र उनका भाई मदन रामलाई सामन्तको दर्जा दिई सम्मानका साथ राखेका थिए । त्यस वखत पनि वनेपा वरपर पूर्वी नेपालका केहि भागमा यिनीहरूको सोझै शासन कायमै थियो (६) ।

तर वि. सं. १४५२ भाद्रमा स्थिति मल्लको मृत्यु भयो र यस पछि फेरि एक पल्ट राम वर्द्धन परिवारले टाउको उठाउने मौका पायो । स्थिति मल्लको मृत्यु

पछि नेपाल उपत्यका उनका तीन छोराहरू जय धर्म मल्ल, जयज्योति मल्ल, र जय कीर्ति मल्लको संयुक्त, शासन देखिन्छ। यसरी स्थिति मल्लको मृत्यु (वि. सं. १४५२) देखि जयज्योति मल्लका छोरा यक्ष मल्लको उदय नहुन्जेल (वि. सं. १५१०) करीव साठ्ठी वर्ष जति नेपाल उपत्यकाको राजनीतिमा पनौतीका यो रामवर्द्धन परिवारका सामन्तहरूको फेरी बोलवाला चल्न थाल्यो। जयसिंह रामको मृत्यु पछि उनको कुनै छोरा नभएको हुनाले उनका भाई मदन सिंह रामको छोरा शक्ति सिंह राम महाथ भए। आफ्ना पुर्खाहरूले झैं शक्ति सिंह रामले पनि आफ्नो नाम र इज्जत थामेका थिए। यिनले नेपाल र चीनको मित्रतामा ठूलो सहयोग पुऱ्याएका थिए। चिनिया तांग वृतान्तबाट यिनले वि. सं. १४८४ सम्म नेपाल उपत्यकामा आफ्नो महत्वपूर्ण भूमिका खेलेका थिए भन्ने थाहा पाइन्छ (७)। यक्ष मल्लको उदय हुनु नै रामवर्द्धन परिवारको अस्ताउनु भने झैं यक्ष मल्लको उदय संग संगै रामवर्द्धन परिवारको इतिहास पनि टुंगीएको देखिन्छ। यक्ष मल्लले आफ्नो राज्यकालको आखिरी तिर वनेपा लगायत नेपाल उपत्यका पूर्व पट्टी रहेका अनेकौं गाउँहरू आफ्नो अधिनमा राखेका थिए। हुन सक्छ यक्ष मल्लको शक्तिको अगाडि सामन्त रामवर्द्धन परिवारका सदस्यहरू टिक्न सकेनन् र तिनीहरूको दबदबी त्यहिनै विलाएर गयो (८)।

स्थिति मल्लको मृत्यु पछि उनका छोरा ज्योति मल्लको मृत्यु पछि उनका छोरा यक्ष मल्ल राजा भए (वि. सं. १५१० ताका) यक्ष मल्ल एक शक्तिशाली राजा थिए। यिनले बनेपा, पनौती आदि नेपाल उपत्यका वाहिर पूर्वका शहरहरू आफ्नो राज्यमा गाभे। यिनका ६ छोराहरूमा जेठा राय मल्ल, माहिला रत्न मल्ल, साहिला रण मल्ल, काहिला राम मल्ल, ठाहिला अरी मल्ल र कान्छा पूर्ण मल्ल थिए (९)। यक्षमल्लको मृत्यु पछि रत्न मल्लले काठमाडौं र पाटनका महापात्रहरू (सामन्तहरू) लाई दबाई आफै राजा भए। जेठा राय मल्लले भक्तपुरको राज्य पाए। वि. सं. १५७७ मा राजा रत्न मल्लको मृत्यु भयो। त्यसपछि कान्तिपुरमा उनका सन्तानको शासन चल्यो। भक्तपुर राम मल्लको सन्तानले पाए। रण मल्लले वनेपामा आफ्नो स्वतन्त्र राज्य कायम गरे। रण मल्ल बनेपा लगायत सात गाउँका राजा थिए। यसरी रामवर्द्धन परिवार संगसंगै टुटेको वनेपा तथा पनौतीको महत्व र इतिहास फेरी एक पल्ट शुरू भयो।

वनेपा राज्यका सर्व प्रथम राजा रण मल्ल विद्वान एवं गान विद्याका रसीक थिए। उनले "पाण्डव विजय" नामक नाटक लेखि नचाएका थिए। यो हस्तलिखित ग्रन्थ अझै नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षितै छ। उक्त नाटकमा रण मल्लकी रानीको नाउँ नाथल्ल देवी र छोराको नाम विजय मल्ल भनि उल्लेख गरेको पाइन्छ। तर धेरै जसो वंशावलीहरूले भने रण मल्ल निःसन्तान थिए र उनको मृत्यु (नेपाल संवत ६२२ वा सन् १५०२) पछि यो राज्य भक्तपुर राज्यमा गाभेको कुरा उल्लेख गरेका छन् (१०)। तर वनेपा राज्य कुन राजाको समयमा भक्तपुर राज्यमा गाभे भन्ने कुरामा इतिहासकारहरूको भिन्ना भिन्दै विचारहरू छन्। प्रसिद्ध इतिहासकार कर्क पेट्रिकले वनेपाको राज्य विश्व मल्लको पालामा भक्तपुरमा गाभे भनि उल्लेख गरेको छ (११)। इतिहासकार सूर्य विक्रम ज्ञवालीले राय मल्लको उत्तराधिकारी भुवन मल्लको पालामा नै वनेपा राज्य भक्तपुरमा सम्मिलित भएको कुरालाई मान्यता दिएको छ (१२)। हुन सक्छ रण मल्लको मृत्युको समयमा इनका छोरा विजय मल्ल नावालिग थिए र भक्तपुरका राजा भुवन मल्ललाई त्यस वेला वनेपा राज्य आफ्नो राज्यमा गाभ्न गाह्रो परेन। भक्तपुर राज्यमा बनेपा राज्य गाभिनुको साथ साथै वनेपा पनौतीको वेग्लै इतिहासको पनि अन्त्य हुन्छ। यसरी वि. सं. १८२० कार्तिक ११ गते श्री ५ वडा महाराजाधिराज पृथ्वी नारायण शाहले आफ्नो एकीकरण अभियानमा वनेपाको साथसाथै पनौतीलाई पनि अन्त्यमा नेपाल अधिराज्य भित्र गाभे (१३)।

## सहयोगी पुस्तक, पुस्तिका तथा अभिलेखहरू तथा उपसंहारहरू :–

(१) विक्रमजीत हसरत, सम्पादक, हिष्ट्रि अफ नेपाल: आज् टोल्ड बाइ हटस् वोन एण्ड कन्टेम्पोररी

क्रोनीकल्स, होसीयारपुर (पञ्जाव) इण्डिया १९७०, पेज ४१

(२) धनवज्र वज्राचार्य, लिच्छवीकालका अभिलेख (त्रिभुवन विश्वविद्यालय, काठमाडौं) वि.सं २०३०, पेज २७४–७८.

(३) शक्ति सिंह राम मदन रामको छोरा थिए। शक्ति सिंह राम पछिको यस सामन्त परिवारको इतिहास अझै थाहा पाउन सकिएको छैन। विस्तृत जानकारीको लागि हेर्नुस् लुयासीनो पेटीक, मेडीभल, हिस्ट्री अफ नेपाल (रोम, १९५८) पेज–१४५–६०

(४) केही इतिहासकारहरूले सिमरौनगढको कर्णाटकी राजा हरी सिंह देवलाई पनौतीका सर्वप्रथम राजा भन्ने चेष्टा गरेका पाइन्छन्। वि. सं. १३८१ मा दिल्लीका वादशाह गयासुद्दीन तुगलक वंगालबाट फर्कंदा तिरहुतको वाटो गरी फर्केका थिए। तिरहुतमा तुगलक र हरि सिंह देवको मुठभेड भयो। तुगलकको सैन्यले सिमरौनगढ ध्वस्त पारी दियो। त्यस पछि हरि सिंह देव भागेर नेपाल भित्र पसेर त्यहांवाट दोलखा तिर आए र दोलखामानै उनको मृत्यु भयो। राजग्राम (दोलखा) का भारदारहरूले उनका छोरा तथा मंत्रीहरूलाई वन्दी वनाए र उनको सारा सम्पति हरण गरे। तर यसको केही वर्ष पछि वि. सं. १३८८ मा हरि सिंह देवका मन्त्री चण्डेश्वरले राजग्राम कब्जा गरे। तत्पश्चात हरि सिंह देवका परिवारका केही सदस्यहरू सामन्तको रूपमा त्यही-नै वस्न थालेका थिए।

विशेष जानकारीको लागि हेर्नुस्:–

(क) श्री ५ को सरकार, सुचना विभाग, मेची देखि महाकाली, भाग २, (काठमाडौं २०३१) पेज ४८५

(ख) इतिहास संशोधनको प्रमाण प्रमेय, भाग एक, जगदम्वा प्रकाशन (ललितपुर) वि.सं. २०१९) पहिलो संस्करण, पेज ७०–७८

(५) नम्वर ४ को ख

(६) (क) धनवज्र वज्राचार्य, शक्तिशाली भारदार रामवर्द्धनहरू र तत्कालिन नेपाल, पूर्णिमा, वर्ष २, नम्वर २, पूर्णाङ्क ६, पेज १२–३६ सम्म।

(ख) पूर्णिमा, वर्ष ४, नं २ पूर्णाङ्क १४, पेज १३०–३३

(ग) वनेपाको एउटा सूर्य मूर्तिको पादपिठमा ने. सं. ५१४ (वि. सं. १४५०) को अभिलेखमा श्री श्री जय सिंहराम राजा र उहांको भाई श्री श्री मदन रामले पालन गरिएको वणिकपुर (वनेपा) मा सूर्यदेवताको मूर्ति स्थापना गरियो भन्ने उल्लेखबाट वनेपामा पनि तिनीहरूको सोझै शासन थियो भन्ने स्पष्ट गर्दछ।

(घ) लुयासीनो पेटीक, नं ३ पेज १४२

(ङ) काठमाडौं इटमवहाल स्थित जय सिंहराम वर्द्धनका राज्यकालमा वि. सं १४३९ मा स्थापना गरिएको अभिलेख र पशुपतिको पश्चिम र दक्षिण मूर्तिको पूर्व पट्टी वाटा (गल्ली) को उत्तर दिशामा रहेको जय सिंह रामवर्द्धनको राज्यकालीन अभिलेख। संस्कृत–सन्देश, वर्ष १–१०–११–१२, काठमाडौं, वि. सं. २०१०, पेज ४१–४८ सम्म।

(च) योगी नरहरीनाथ "जय सिंहरामको कनकपत्र", गोरखापत्र, श्रावण १५, २०२६ वि. सं.

(७) धनवज्र वज्राचार्य, नं ६. क.

(८) लुयासीनो पेटिक, नं ३, पेज १५४

(९) इतिहास–संशोधनको प्रमाण प्रमेय, नं ४, ख, पेज १३१–३२

(१०) (क) नेपालको इतिहासको राजभोगमाला प्राचीन नेपाल, श्री ५ को सरकार, पुरातत्व विभाग, अक्टोवर, १९६९), नम्बर ९, पेज १७

(ख) "नेपाल देशको इतिहास संग्रह" प्राचीन नेपाल, अक्टोवर १९७१, नं १७, पेज ४

(११) विश्व मल्ल राम मल्लको पनाती भुवन मल्लको नाती प्राण मल्लको छोरा थिए। कर्कप्याट्रिक, डब्लु. आन एकाउण्ट अफ द किंगडम अफ नेपाल (लण्डन, १८११) पेज?

(१२) सूर्य विक्रम ज्ञवाली, नेपाल–उपत्यकाको मध्य-कालीन इतिहास (रोयाल नेपाल एकेडमी, काठ-माडौं, २०१९) पेज १०२.

(१३) रामचन्द्र, "पनौती: एक सांस्कृतिज्ञको दृष्टिमा" स्वतन्त्र विश्व, वर्ष १२, संख्या ६, पेज २९–३३ सम्म ।